# आर्थिक बर्ष २०७९।०८० को

# निति, कार्यक्रम तथा बजेट ।

## छविसपाथिभेरा गाउंपालिका

## बझाङ,जिल्ला

### सुदूरपश्चिम प्रदेश नेपाल

### २०७९।३।१०

## सम्बोधन

गाउँ सभाका अध्यक्ष ज्यू
गाउँ सभाका सदस्य ज्यूहरु
प्रमुख अतिथिज्यू
विशिष्ट अतिथि ज्यूहरु लगायत अन्य अतिथि गणहरु

छविसपाथिरा गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँ सभामा आगामी आर्थिक बर्ष २०७९/०८० को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । नेपालको युगान्तकारी अग्रगामी परिवर्तको लागि संघीय लोकतान्त्रिक गणतान्त्रत्मक शासन व्यवस्था स्थापना गर्न ऐतिहासिक जनआन्दोलन जनयुद्ध र सवै खाले आन्दोलन तथा संघर्षका क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । वेपत्ता तथा घाइते परिवार प्रति सम्मान व्यक्त गर्दै राष्ट्रियता लोकतन्त्र गणतन्त्र र जनजीविकाको आन्दोलनमा नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दछु, साथै उहाँहरुले पुर्याउनु भएको योगदान प्रति स्मरण गर्न चाहन्छु । स्थानीय सरकार निर्माण देखि हाल सम्म स्थानीय सरकारलाइ अपेछित रुपमा सहयोग गर्नुहुने राजनीतिक दल पत्रकार शिक्षक वुद्धिजीवी, सामाजिक अगुवा, आम जन-समुदायलाइ धन्यवाद दिदै आगामि दिनमा पनि यस गाउँपालिकाले गर्ने हरेक काममा यस्तै सहयोग सुझाव र सक्रिय भुमिकाको अपेक्षा गर्दछु ।

गाउँपालिका जनप्रतिनीधि सहितको स्थानीय सरकार संचालन भएको आज ५ वर्ष पुरा गरी छैटौँ वर्षमा प्रवेश गर्दैछौ । आगामि आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गरी कार्यान्वयनको चरणमा छौँ । यसले समाज र समुदायलाइ विभिन्न आवश्यकतालाइ सम्वोधनको सन्दर्भमा सरकार संचालनको एक वर्षको आयोजना र कार्यक्रमको रुपरेखा घोषणा गर्ने कुरा जुनसुकै सरकारका लागि पनि महत्पूर्ण अर्थ राख्ने भएकाले आगामी वर्षको रणनीति तयार अनुमानित आय र प्रास्तावित खर्चको ढाँचा निर्माणले छविसपाथिभेरा गाउँपालिकाको अगाडिको वाटोलाइ मार्गदर्शन गर्न मद्धत हुने विश्वास लिएको छु ।

नेपालिको संविधानले निर्दिष्ट गरको नागरिक हक अधिकारको रक्षा गरी आर्थिक विकासको माध्यमवाट स्थानीय तहको सरकारलाइ सवल र समृद्ध गाउँपालिका निर्माण गर्न आवधिक योजना निर्माण गरी अल्पकालिन, मध्यकालिन र दीर्घकालिन सोच र लक्ष्यकासाथ स्थानीय सरकार क्रियाशिल छ । सम्पूर्ण महिला, दलित, जनजाती, अपांग आदिवासी यौनिक अल्पसंख्यक लगायत पिछडिएको वर्गको सहभागितालाइ विकासको मुल प्रवाहमा समावेश गराउन स्थानीय सरकार क्रियाशिल छ । लोकतान्त्रिक मुल्य र मान्यताको आधारित समाजवाद प्रतिवद्ध रहदै स्थानीय सरकारलाइ सशक्त र सवल वनाउने वाटोमा प्रतिवद्ध रहेको जानकारी गराउँन चाहन्छु ।

# खण्ड -१

## १.१ परिचय र समिक्षा

सभाअध्यक्ष महोदय,

"कृषि, शिक्षा, स्वास्थ्य, वन, व्यापार छविसपाथिभेरा हाम्रो विकासको आधार" भन्ने दिर्घकालिन सोच अनुरुप आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा स्थानीय परिवेश र आवश्यकता अनुरुप छविसपाथिभेरा गाउँपालिका अगाडि वढिरहेको छ । स्वास्थ्य सुरक्षा, मितव्ययीता, पारदर्शिता, दिगो विकास र वित्तिय अनुशासन आत्मसाथ गर्दै स्थानीय स्रोत र साधनको अधिक्तम प्रयोग गरी सामाजिक न्याय सहितको आवश्यकतामा आधारित समानुपातिक गुणस्तरीय नवितम उपलब्धीको माध्यमवाट नमुना गाउँपालिका निर्माण गर्ने कार्यमा प्रतिवद्धता रहने छौ ।

स्थानीय सरकार जनताको साशक नभइ जनताको सेवक, सहयोगि सहजकर्ता हो भन्ने भावना लिएर "सम्वृद्ध छविसपाथिभेरा हाम्रो सान" भन्ने मुल मन्त्रलाइ आत्मसाथ गर्दै शिक्षा स्वास्थ्य कृषि भौतिक पूर्वाधारलाइ प्राथमिकतामा राखेर जनताको जिवनस्तर वृद्धि स्वाभिमान र आत्मानिर्भर वनाउने मान्यताकासाथ यो नीति कार्यक्रम तथा वजेट तर्जुमा गरिएको व्यहोरा यस सम्मानित सभा मार्फत जानकारी गराउन चाहन्छु ।

## १.२ <u>चालु आ.व.को नीति तथा कार्यक्रमको समिक्षाः</u>

चालु आ.व. २०७८।०७९ मा राजश्व वाडफाड तर्फसंघ र प्रदेशवाट रु ६ करोड ६७ लाख २१ हजार शंशोधन गरिएकोमा जेठ मसान्त सम्म रु ५ करोड ३३ लाख ४९ हजार ६ सय प्राप्त भइ रु ४ करोड १ लाख २२ हजार ८ सय खर्च भएको छ । शर्शत तर्फ रु २३ करोड ९२ लाख शंशोधन गरिएकोमा जेष्ठ मसान्त सम्म रु २६ करोड ६२ लाख ३९ हजार प्राप्त भई रु १६ करोड ६८ लाख ८२ हजार खर्च भई ६९ प्रतिशत प्रगति भएको छ । समानिकरण अनुदान तर्फ संघ र प्रदेशवाट रु ११ करोड ४७ लाख २१ हजार शंसोधित अनुमान रहेकोमा जेठ मसान्त सम्म रु ८ करोड १० लाख ८६ हजार २१ रुपैया खर्च भई ७१ प्रतिशत प्रगति रहेको छ । विशेष अनुदान संघ तर्फ रु १ करोड ४ लाख संशोधन गरिएकोमा रु ३३ लाख ८९ हजार खर्च भएको छ । प्रदेश सरकारवाट विषेश अनुदान रु ५० लाख प्राप्त भइ रु २९ लाख ६६ हजार खर्च भएको छ । अधिकांस योजनाहरु कार्य सम्पन्नको अन्तिम चरणमा रहेकाले भुक्तानी हुन वाकी भई कम प्रगति देखिएता पनि आ.व.को अन्त्य सम्ममा पुजिगत खर्च ८८ प्रतिशत भन्दा वढी हुने अनुमान गरिएको छ। आन्तरिक आय तर्फ २० लाख अनुमान गरिएकोमा आ.व.को जेठ मसान्त सम्म रु ७ लाख १५ हजार आम्दानी भई ३८ प्रतिशतमात्र आन्तरिक आम्दानी भएको छ ।

आ.व. ०७८।०८९ मा लिएका नीति तथा कार्यक्रम अनुरुप केहि नीतिहरु कार्यान्वयन भइ सकेका छन भने केहि नीतिहरु कार्यान्वयनको क्रममा रहेका छन ।

**आर्थिक विकास तर्फ**

- **कृषि तर्फ :-**
  - ✓ गाउँपालिकाका प्रत्येक वडामा १/१ वटा वहुउद्धेशिय नर्सरीहरु स्थापना भएका छन ती नर्सरीहरुवाट सुन्तला, कागती अनार मौसमी, ओखर लगायतका करिव हालसम्म २६०० विरुवाहरु उत्पादन भइ कृषिकलाइ वितरण गरिएको छ ।
  - ✓ गाउँपालिका भरी वेमौसमी तरकारी खेती गर्न पलाष्टिक टनेल थोपा सिंचाइ, सिकेचर वीउ लगाएतका समाग्रीहरुमा १४४ वाट टनेल निर्माण कार्य सम्पन्न भएको छ ।

- ✓ गाउँपालिका भरी हालसम्म विभिन्न कृषक समुह तथा फार्महरुलाइ गोरु तथा जनशक्तिको अभावका कारणले खेतवारी वाझो राख्ने अवस्थालाइ निरुतसाहित गर्न यस वर्ष ९ वटा र ४ वर्ष अवधिमा ३३ वटा मिनिटिलर र १ वटा धान काट्ने मेसिन अनुदानमा वितरण गरिएको छ ।
- ✓ गाउँपालिकाका विभिन्न वडाका कृषकहरुलाइ उन्नत जातको गहुँको वीउ चालु आ.व.मा ५८ कुईन्टल र समग्र ५ वर्षमा २५५ कुइन्टल वितरण गरिएको छ ।
- ✓ विभिन्न वालीनालीमा देखा परेका रोग तथा किराहरुको प्रकोप नियन्त्रण गर्न विभिन्न जैविक तथा रासायनीक विसादीहरु प्रयोग गरी सेवा प्रवाह गरिएको छ ।
- ✓ यस गाउँपालिकामा हाल सम्म ६२ वटा कृषक समुह दर्ता र ८ वटा कृषि फर्महरु सुचिकृत गरिएको छ ।
- ✓ हाल सम्म अनुदामा गाउँपालिका भरी कृषकहरुलाइ ५५० कुइन्टल रासायनीक मल समयमै उपलब्ध गराइ कृषि उत्पादनमा वृद्धि गरिएको छ ।
- ✓ गाउँपालिका भरीका ७५ जना कृषकहरुले वेमौसमी तरकारी खेती सम्वन्धी तालिम प्राप्त गरेका छन ।
- ✓ कृषकहरुलाइ प्लाष्टिक टनेल वितरण कार्यक्रमले वेमौसमी तरकारी उत्पादन हुन गइ कृषकहरुको आय-आर्जमा वृद्धि भइरहेको छ ।
- ✓ यस गाउँपालिकाको वडा नं. ५ को थलारामा र वडा नं ७ को वुडखोरीमा आलु पकेट निर्धारण गरी आलु उत्पादनमा वृद्धि भइ रहेको छ ।

## पशु सेवा तर्फ :-

पशुजन्य रोगहरु निराकरणका लागि औषधी खरिद गरी पशुहरुमा खोप सेवा तथा उपचार तिव्रताकासाथ अगाडी वढाइएको छ । साथै १३३८ पशुहरुलाइ औषधी उपचार, ६३०० पशुहरुलाइ विभिन्न किसिमका भ्याक्सिन खोप लगाइ सेवा प्रदान गरिएको छ ।

## सामाजिक विकास तर्फ

**शिक्षा :-**

- ➢ एक पालिका एक प्राविधिक धारको विद्यालय संचालन अन्तर्गत वान्नीचौर माध्यमिक विद्यालयमा प्राविधिक धार अन्तर्गत शिभिल इन्जिनियरिङ विषयको पठनपाठन शैक्षिक सत्र-२०७६ वाट सुरु भइ कार्यान्वियनमा रहेको छ ।
- ➢ यस पालिकाको वडा नं. १ मा रहेको श्री जनप्रिय मा.वि. वगडगाउँमा नमुना विद्यालय संचालन कार्यकविधि २०७४ अनुरुप नमुना विद्यलयको गुरुयोजना तयार भइ संचालनमा रहेको छ ।
- ➢ शिक्षक विद्यार्थि संख्याको अनुपातामा विद्यालयगत शिक्षक दरवन्दी मिलानीकरणकार्य सम्पन्न भएको छ ।
- ➢ मासिक चौमासिक रुपमा जनप्रतिनीधिहरु एंव शिक्षा युवा तथा खेलकुद शाखाका कर्मचारीहरुवाट हरेक विद्यालयको अनुगमन, सुपरीवेक्षण गर्ने गरेको छ ।
- ➢ आर्थिक वर्ष २०७७/०७८ सम्म हरेक विद्यालय र सामुदायिक अध्ययन केन्द्रको लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न भएको छ ।
- ➢ आधारभुत तह कक्षा ८ को अन्तिम परीक्षा संचालन एंव व्यवस्थापन गर्ने गरिएको छ ।
- ➢ शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भौतिक पूर्वाधार निर्माण र ICT व्यवस्थापन अन्तर्गत ९ वटा विध्यालयहरुमा कार्यक्रम निर्माण र व्यवस्थापन गरिएको छ।
- ➢ पालिकामा विज्ञ विषयगत समूह गठन गरी विध्यालय शिक्षण सिकाइमा देखिएका विषयगत समस्याहरु समाधान गर्ने गरिएको छ।
- ➢ पालिका भित्रका सम्पूर्ण विद्यालयमा कार्यरत सवै तह र प्रकृतिका शिक्षकहरुको व्यक्तिगत शैक्षिक विवरण सहितको फाइल खडा गरी शिक्षा युवा तथा खेलकुद शाखामा अभिलेख सुरक्षित गरिएको छ ।

- विद्यालयहरुमा वाल शिक्षा सामाग्री र कम्प्युटर सेट ९ वटा विद्यालयमा वितरण गरी संचालनमा रहेको छ ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षा अभिभावक संघ र गाउँ शिक्षा समिति गठन लगायत विद्यालय अनुमति स्वीकृति, व्यवस्थापन संचालनको कार्यहरु गर्न शिक्षा नियमावली, २०७५ जारी भएको छ ।
- संघीय सरकारवाट हस्तान्तरित शिक्षा क्षेत्रका सर्शत अनुदानका कार्यक्रमहरु सवै विद्यालयहरुमा पारदर्शी एंव आवश्यकताका आधारमा वितरण गर्ने कार्य गाउँ शिक्षा समितिको निर्णय वमोजिम गर्ने गरेको छ ।
- ३ वटा विद्यालय तीनतारा घोषणा गरिएको छ । (जनप्रिय मा.वि. वगडगाउँ, थलारा मा.वि. थलारा, सुर्योदय आधारभूत विद्यालय खोरी) हुन ।
- **स्वास्थ्य**
  - ✓ गाउँपालिकाले स्वास्थ्य सेवा तर्फ प्रयाप्त मात्रामा औषधीको आपुर्ति गरी स्वास्थ्य सेवामा उल्लेखनीय कार्य भएको छ । गाउँ गाउँ घरघरमा स्वास्थ्यकर्मीहरुलाइ पठाइ रोग अनुसारको औषधी वितरण गरिएको छ । यस आर्थिक वर्षमा स्वास्थ्य संस्थावाट  टाढा रहेका वस्तीहरुलाइ मध्यनजरगर्दै ३ वटा स्थानमा गाउँघर क्लिनिक, १ वटा खोप क्लिङ्क, १ स्थानमा आधाभुत स्वास्थ्य इकाइ केन्द्रको निर्माण कार्य सम्पन्न गरी सेवा सुचारु गरिएको छ ।
  - ✓ नेपाल सरकारवाट नियमित प्रदान गरिएको गर्भवती उत्प्रेरणा र सुत्केरी यातायात वापतको रकम उपलब्ध गराइदै आएको छ । गर्भवती महिलाहरुको भविष्यमा हुने जोखिमलाइ कम गर्नको लागि प्रत्येक स्वास्थ्य संस्थामा ग्रामीण अल्ट्रासाउण्ड सिविर संचालन भएको छ । गाउँघरमा लुकेर वसेका क्षय रोगीहरुको खोज पडतालको लागि जयपृथ्वीनगर स्वास्थ्य चौकीमा माइस्क्रोपकपी क्याम्प संचालन गरिएको छ । सुत्केरी पश्चात हुने जोखिमलाइ न्युनिकरण गर्नको लागि सुत्केरी हुने महिलाहरुको घरमा गइ ३ पटक घरदैलोमा सुत्केरी जाँच कार्यक्रम संचालनमा ल्याइएको छ ।
  - ✓ १५ महिना देखि १५ वर्ष सम्मका वालवालिकालाइ टाइटफाइट खोप संचालनमा ल्याइएको छ ।
  - ✓ मातृ मृत्युदर र नवजात मृत्युदर घटाउनको लागि नर्सिङ कर्मचारीहरुलाइ MNH रोड म्याप सम्वन्धी क्षमता अभिवृद्धि तालिम संचालन गरिएको छ ।
  - ✓ विद्यालयमा अध्ययनरत किशोरीहरुलाइ आइरन तथा फोलिक एसिड र जुकाको औषधी वितरण गरिएको छ ।
  - ✓ ५ वर्ष मुनिका वालवालिकालाइ राष्ट्रिय कार्यक्रम अन्तर्गत १३६० जनालाइ जुकाको औषधी र भिटामिन ए वितरण गरिएको छ ।
  - ✓ एकिकृत स्वास्थ्य सेवा अन्तर्गत गाउँघरमा चिकित्सक कार्यक्रम वडा नं. ५ को थलारामा संचालन गरी विभिन्न रोगहरुको उपचार गरी १४२० जनाले सेवा लिएका छन ।
  - ✓ विश्वव्यापी महामारिको रुपमा फैलिएको कोभिड-१९ वाट यो गाउँपालिका प्रभावित भएको छ । यो माहामारी रोगको नियन्त्रणको लागि मातहतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुलाइ कोभिड लक्षित औषधी तथा उपकरण उपलब्ध गराइ टोल टोलमा कोभिड १९ संग मिल्दा जुल्दा लक्षणहरुको रोगको निदान, व्यवस्थापन तथा उपचारको लागि घरदैलो सेवा प्रदान गरिको छ । कोभिड १९ को व्यवस्थापनको लागि गाउँपालिकामा २५ सैयाको आइसोलेसन वेडको व्यवस्था गरिएको छ ।
  - ✓ कोभिड १९ विरुद्धको खोप अभियान विभिन्न समयमा संचालन गरी कुल लक्षित ९८२० जना मध्ये ५५८० जनाले कोभिड विरुद्धको पूर्ण मात्राको खोप पाएका छन ।
- **आयुर्वेद सेवा**

आयुर्वेद औषधालयवाट नियमित रुपमा विरामीहरुलाइ चेकजाँच गरी रोग अनुसार उपर्युक्त औषधी वितरण गरी सेवालाई प्राभावकारी वनाइएको छ । अत्यावश्यक आयुर्वेद औषधी खरिद गरी ओपिडिमा आउने विरामीहरुको लागि २३ प्रकारका औषधीहरु निशुल्क वितरण गरेको । आ.व. २०७८/०७९ मा १८९७ जनाले सेवा लिएका छन । स्वेदन कार्यको लागि स्टिम वक्सवाट सेवा दिने गरेको छ । वडा नं. ६ मा गाउँघर क्लनिङ संचालन गरी १२५ पुरुष र ५१ जना महिलालाइ सेवा प्रदान गरिएको छ । ६ महिना भन्दा मुनिका

वालवालिकालाइ दुध खुवाउदै दुध वर्धक आयुर्वेदिक निशुल्क औषधी वितरण गरी आमा र वच्चामा हुने कुपोषण लगायतका रोगहरु लाग्नवाट वच्न मदत पुगेको छ । जेष्ठनागरिका लागि स्वास्थ्य प्रवर्धन सेवा संचालन गरी १२० जना जेष्ठनागरिकले सेवा लिएको छ । आयुर्वेद शाखा अन्तर्गत नागरिक आरोग्य कार्यक्रम मार्फत स्वास्थ्य जीवनशैलीको बारेमा नागरिकलाइ जानकारी गराइ मेरो स्वास्थ्य मेरो जिम्मेवारी निरोगि नेपाल अभियान भन्ने नागरिकमा वोध गराइने प्रावधान गरेको छ । विध्यालय आयुर्वेद तथा रोग शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक विध्यालयमा विद्यार्थिहरुलाइ विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रमको माध्यमवाट औषधी प्रदान गरिने सेवाहरु उपलब्ध गराएको छ । यस कार्यक्रमवाट २०० जना विद्यार्थिहरु लाभान्वित भएका छन । आयुर्वेद शाखामा दैनिक जसो १२-१५ जनाले सेवा लिदै आइरहेको छ ।

➢ **सामाजिक सुरक्षा तर्फ**

गाउँपालिकाको ७ वटै वडामा सामाजिक सुरक्षा भत्तालाई ब्यवस्थित गराउन सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिहरुको वैकंमा खाता खोल्ने कार्य सम्पन्न हुने क्रममा रहेको छ ।

➢ **खानेपानी तथा सरसफाइ तर्फ**

- ✓ गाउँपालिकको एक घर एक धारा नीति अनुरुप जलश्रोत व्यवस्थापन परियोजना र यस गाउँपालिकाको साझेदारीमा संचालित हाल सम्म २२ वटा खानेपानी योजना सम्पन्न गरी १५९६ घर धुरीका ११०४६ जनसंख्या लाभान्वित भएका छन ।
- ✓ यस गाउँपालिकामा ५ वटा पूर्ण सरसफाइ योजना कार्य सम्पन गरिएको छ ।
- ✓ जलवायु अनुकुलन प्रकोप जोखिम न्युनिकरणको लागि सुधारिएको चुलो, सुधारिएको पानी घट्ट तथा जलवायु परिवर्तन अनुकुलन सम्वन्धी प्रकोप जोखिम न्युनिकरण गर्न गाउँपालिका तथा वडा स्तरमा कार्यक्रम संचालन गरेको ।

**पूर्वाधार विकास**

**पूर्वाधार तर्फ :-**

- ➢ गाउँपालिकामा सुविधा सम्पन्न भवनहरुको निर्माण कार्य सम्पन भइ संचालनमा रहेका छन ।
- ➢ विगत ५ वर्ष सम्म करिव ९८.५ कि.मी. ग्रामीण कच्ची सडकको निर्माण कार्य सम्पन्न भएको छ ।
- ➢ गाउँपालिका स्तरमा १६ वटा सामुदायिक भवनहरुको निर्माण कार्य सम्पन्न भइ कार्य संचालन भइ रहेको छ ।
- ➢ हाल सम्म ९ वटा स्वास्थ्य भवन तथा संरचना निर्माण भइ कार्यान्वयनमा आएका छन ।
- ➢ १० शैयाको अस्पतालको भवनको टेन्डर प्रक्रिया भइ ठेक्का स्वीकृत भइ भवन निर्माणको कार्य भइरहेको छ ।
- ➢ गाउँपालिकामा इन्टरनेटको पहुँचको लागि यस गाउँपालिको वडा नं. ४ को टिकामा टावर निर्माण गरि संचालनमा ल्याइएको छ ।
- ➢ सिंचाइ तर्फका ७ वटा योजनाहरु निर्माण गरी उपभोक्ताहरुलाइ सिंचाइको सुविधा उपलब्ध गराइएको छ ।
- ➢ संस्थागत सौर्य उर्जा र इलेक्ट्रोनिक चुलो कार्यक्रमको लागि पहल कदमि गरिएको छ ।

समग्रमा सामाजिक, आर्थिक, पूर्वाधार, विपद व्यवस्थापन, शुसासन तथा संस्थागत विकास, लक्षित वर्गका लागि छुट्याइएको वजेट र शर्शत अनुदानमा प्राप्त रकम कार्यान्वयन भएको छ ।

**अध्यक्ष मोहदय**

अव म आर्थिक वर्ष २०७९।०८० को लक्ष्य, उदश्ये, र क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

# आ.व. ०७९।०८० को नीति तथा कार्यक्रम

## लक्ष्य

छविसपाथिभेरा गाउँपालिकालाइ भौतिक, कृषि, शिक्षा, स्वास्थ्य, वन र व्यापार छविसपाथिभेराको विकासको आधार वनाउने लक्ष्य लिईएको छ ।

## उद्धेश्य

१. स्वास्थ्य सेवा र शिक्षालाई गुणस्तरीय वनाइ स्वास्थ्य तथा शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने
२. कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण गरी स्वरोजगार सृजना गर्ने ।
३. गाउँपालिका भित्र सडक यातायात लगायत भौतिक पूर्वाधारको विकास गरी जनताको जीवनस्तर सहज वनाउने ।
४. उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गरी विकास को गतिलाइ निरन्तरता दिने ।
५. सार्वजनिक सेवालाइ प्रभावकारी वनाइ जनतालाई सुशासनको प्रत्याभुति दिने ।
६. लक्षित वर्गको क्षमता अभिवृद्धि गरी लैंगिक तथा सामाजिक समावेसीकरणको विकास गर्ने ।
७. वातावरण तथा वनजंगलको संरक्षण गर्ने ।
८. पर्यटन प्रवर्द्धन सहित रोजगारीमा वृद्धि
९. जलवायु परिवर्तन न्यूनिकरण गर्न नीतिगत व्यवस्था गर्ने ।

## प्राथमिकरण

१. शिक्षा, स्वास्थ्य र सरसफाइमा जोड
२. कृषि तथा पशुपालन क्षेत्रको विकास तथा व्यवसायीकरण
३. सडक तथा यातायात
४. वनवातावरण तथा विपद व्यवस्थापन
५. प्रभावकारी सेवा प्रभाह र सुशासनमा जोड

## आधारहरु

- ✓ नेपालको संविधान २०७२
- ✓ स्थानीय सरकार संचालन ऐन, २०७४
- ✓ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४
- ✓ राष्ट्रय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४
- ✓ स्थानीय सरकारवाट जारी भएका ऐन,नियमावली, कार्यविधि, निर्देशिकाहरु
- ✓ संघीय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापडण्डहरु
- ✓ संघीय सरकारको आ.व. ०७९-०८० को वजेट वक्तव्य
- ✓ प्रदेश सरकारको आ.व. ०७९/०८० को वजेट वक्तव्य
- ✓ स्थानीय तहको वार्षिक योजना तथा वजेट दिगदर्शन २०७८
- ✓ पन्ध्रौ योजना
- ✓ दिगो विकास का लक्ष्य
- ✓ उपलब्ध स्रोत तथा साधनहरु
- ✓ जनताका माग तथा आवश्यकताहरु
- ✓ गाउँपालिका भित्र रहेका वुद्धिजिवी समाजसेवी र राजनीतिककर्मीहरुवाट सल्लाह सुझाव

## दिर्घकालिन नीतिहरु

- ✓ सीमित स्रोत र साधनको अधिक्तम परिचालन गरी स्थानीय तहको सर्वाङ्गिण विकास गर्ने ।

- ✓ सम्पूर्ण महिला दलित जनजाती अपांग, आदिवासी अल्पसंख्यक लगायत पिछडिएको वर्गको सहभागितालाइ विकासको मुल प्रवाहमा समावेश गराउने ।
- ✓ गाउँपालिका भित्रका दैनिक रुपमा सवारी साधन चल्ने सडकरुलाइ क्रमिक रुपमा स्तोरोन्नती तथा कालोपेत्र गर्दै लगिने ।
- ✓ दिगो विकास, सुशासन, कृषि उपज वस्तुमा आत्मनिर्भर
- ✓ उज्यालो गाउँपालिका वनाउने ।

## क्षेत्रगत नीतिहरु

### १. आर्थिक विकास

- ✓ प्रत्येक वडामा कम्तिमा १ वटा वहुउद्धेशिय नर्सरी स्थापना गरी फलफूल तथा तरकारीका विरुवामा आत्मनिर्भर वनाइ निर्यात गर्ने नीति लिएको छ ।
- ✓ उन्नत वीउ मल र प्रविधिको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरिने नीति लिइएको छ ।
- ✓ किसान सँग स्थानीय सरकार कृषक सूचिकरण अभियान संचालन गरी किसानलाई परिचयपत्र दिने प्रकृयाको थालनी गरिनेछ ।
- ✓ गाउँपालिकालाई तरकारीमा आत्मनिर्भर वनाउन उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन कार्य गरिने छ ।
- ✓ एक गाउँ एक नमुना फार्मको विकास गरी कृषिलाई व्यवसायिककरण गरिने छ ।
- ✓ व्यवसायीक मसला खेती प्रमोट तथा प्रवर्द्धन गरिने छ ।
- ✓ एक गाउँ एक नमुना उत्पादनमा विशेष जोड दिइने छ ।
- ✓ कृषि सम्वन्धी अध्ययन गरी वेरोजगार रहेका युवाहरुलाई कृषि व्यवसाय संचालन गर्नको लागि माग प्रस्तावनाको आधारमा अनुदान दिइने व्यवस्था गरिने छ ।
- ✓ ओखर, कीवी, कागती अनार आदि फलफूल खेती उत्पादनमा विशेष जोड दिइने छ ।
- ✓ उच्च हिमाली भेगमा हुने जडीवुटी खेती उत्पादन तथा प्रवर्द्धन गर्नका लागि सम्वन्धित निकायसँग सहकार्य गरी व्यवसायीक खेती विस्तारमा जोड दिइने छ ।
- ✓ यस वर्ष देखि कृषि सँग एकल महिला कार्यक्रम संचालन गरिनेछ ।
- ✓ जग्गा नभएका तर खेती गर्न चाहने कृषकहरुलाई खेति योग्य वाझो रहेको जमिनलाइ उपलब्ध गराइ खेति संचालन गर्ने नीति लिइने छ ।
- ✓ उत्कृष्ट कृषकहरुलाई अध्यक्ष पुरषकारको व्यवस्था गरी सम्मान गर्ने नीति लिइने छ ।
- ✓ माटोको उर्वरा शक्ति तथा गुणस्तर वृद्धिका लागि माटो परीक्षण तथा कम्पोष्ट मल उत्पादनका लागि विशेष कार्यक्रमको सुरुवात गरिने छ ।
- ✓ गाउँपालिकाको सर्वाङ्गिण विकासका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँगको सहकार्यमा विशेष जोड दिइने छ ।
- ✓ एक घर पाँच वटा फलफूलका वोटहरु लगाउने अभियान संचालन गरिने छ ।
- ✓ स्थानीय तथा पोषण युक्त रैथाने वाली उत्पादन तथा प्रवर्द्धन कार्यक्रमलाई विषेश जोड दिइने छ । जसका लागि छविसपाथिभेरा कोषेलीघर वनाइनेछ ।
- ✓ कृषिको आधुनिकीकरण गर्नका लागि हाते ट्याक्टर लगायतका उपकरणहरु कृषकलाइ अनुदानमा वितरण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- ✓ गाउँपालिकाको उपयुक्त स्थानमा कपास खेती, वदाम खेती, कुरिलो र तोरीखेतिको विस्तार गरी साना उध्योगहरु स्थापना गर्न आधार तयार पार्ने नीतिलाइ निरन्तरता दिइएको छ ।
- ✓ कृषि जन्य उपजको वजारीकरण र ढुवानी गर्नका लागि अनुदानको व्यस्था गरिने छ ।
- ✓ खेतियोग्य खाली जमिनको उपयोग गर्ने कार्यक्रम संचालन गरिने छ ।
- ✓ कृतिम तथा प्राकृतिक गर्भाधानमा जोड दिइ पशुको नस्ल सुधार गर्ने र गाउँपालिकामा दुध मासु र अण्डाको उत्पादन वृद्धि गरी मासु तथा दुग्धजन्य वस्तुमा गाउँपालिकालाई आत्मनिर्भर वनाइने नीतिलाइ निरन्तराता दिइनेछ ।

- ✓ गाउँपालिका भित्र आवश्यक भएको स्थानमा कृषिउपज वस्तुको प्रवर्द्धन गर्न हाटवजार व्यवस्था गरिने नीति लिइएको छ ।
- ✓ खेतीयोग्य उर्वर भूमीमा सिंचाइको सुविधा पुर्याउनका लागि आवश्यक पहल कदम गरिने छ ।
- ✓ प्रत्येक वडामा नया उद्यमी सृजना गर्ने र उद्यमीको स्तरउन्नती गर्दै लैजाने नीतिलाइ निरन्तरता दिइएको छ ।
- ✓ गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरु जयपृथ्वीनगर, वान्नीमष्टा, थलीदुर्गा, पाथिभेरा, वझाङ कोट, वाइसधारा वाठपाला मन्दिर सुर्मा मन्दिर चुलीटिका माटेसाँघु, दानछडा झरना धौलकाडा पाटिस, च्याकोट, खुटकुणी लगाएतको पूर्वाधार विकास तथा प्रचार प्रसारमा विशेष जोड दिइने छ ।
- ✓ पुरातात्यिक सम्पादा तथा ऐतिहासिक सांस्कृतिक धार्मिक मठ मन्दिर पाटीपौवा भौतिक तथा अभौतिक संरचनाको संरक्षण, सम्वर्द्धन गरिने छ ।
- ✓ एक वडा एक पर्यटकीय स्थलको पहिचान गरी पर्यटन प्रवद्धनमा टेवा पुग्ने नीति लिइने छ ।
- ✓ वडा स्तरको स्रोत र साधनको पहिचान गरी आवश्यकता अनुरुप १ वडा १ उद्योग स्थापन गरिने छ ।
- ✓ उतकृष्ट युवा उद्यमीहरुलाइ प्रोत्साहनको लागि गाउँपालिकावाट आवश्यक सहयोग तथा सम्मान गरिने छ ।
- ✓ सहकारीको मुल्य मान्यता अनुरुप आपसमा सहकार्य तथा आयआर्जन गरी गरिवी न्युनिकरण गर्न गाउँपालिकाले आवश्यक नीति तथा कानुन वनाइ कार्यान्वयन गरिने छ ।
- ✓ प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको क्षेत्र विस्तार गरी पकेटलाइ व्लक, ब्लकलाइ जोनमा परिणत गर्न व्यवसायिक उत्पादन र व्यवसायीकरणमा विशेष अनुदानको व्यवस्थालाइ निरन्तरता दिइएको छ ।
- ✓ अल्लो भाग्रो प्रसस्त उत्पादन हुने वडाहरुमा अल्लो भाग्रो प्रशोधन केन्द्रको स्थापना गरी घरेलु उत्पादनलाई प्रोत्साहन गरेर रोजगारीमा वृद्धि गर्ने नीति लिएको छ ।
- ✓ उद्यमी उपाध्यक्ष पुरषकार कार्यक्रमलाई प्रोत्साहित गर्दै लगिनेछ ।

## २. सामाजिक विकास

### शिक्षा तर्फ

- ➢ सामुदायिक विद्यालयहरुको अध्ययन, अवोलोकन गरी शिक्षा ऐन, नियमावली वमोजिम विद्यालयहरुलाइ एककृत र दरवन्दी मिलान कार्यलाइ अवलम्वन गर्ने नीति लिइने छ ।
- ➢ शैक्षिक सुधार कार्यक्रम संचालन गर्नको लागि नमुना विद्यालय कार्यक्रमको सुरुवात गरिने छ ।
- ➢ सामुदायिक विद्यालयमा स्वयंसेवक शिक्षकको व्यवस्था गरिने नीति लिइने छ ।
- ➢ सामुदायिक विद्यलयमा शैक्षिक गुणस्तर कायम गराउन अनुगमन कार्यलाइ विशेष जोड दिइने छ ।
- ➢ सामुदायिक विद्यलयका शिक्षकरुको क्षमता विकास अभिवृद्धि गर्न विभिन्न तालिमहरु संचालन गरिने छ ।

### युवा तथा खेलकुद तर्फ

- ➢ गाउँपालिका स्तरीय अध्यक्ष कप प्रत्योगितालाइ निरन्तरता दिइएको छ ।
- ➢ गाउँपालिकामा एक वटा वहु -उपयोगि खेलकुद मैदान निर्माण गर्नका लागि पहल गरिने छ ।
- ➢ सामाजिक विकासका लागि युवाहरु परिचालन गरिने छ ।

### स्वास्थ्य तर्फ

- ➢ प्रत्येक व्यक्तिलाई आधारभुत स्वास्थ्य सेवको पहुँचवाट वान्चित गरिने छैन साथै गर्भवतीलाई गाउँपालिका भित्रका स्वास्थ्य चौकीमा पुर्याउन एम्वुलेन्स सेवा प्रदान गरिने छ ।
- ➢ गाउँपालिका भरिका नागरिकलाइ सहज सरल र सिघ्र स्वास्थ्य सेवको पहुँचमा पुर्याउन यसै आर्थिक वर्षमा एम्वुलेन्स खरिद गरी सेवा सुचारु गरिने छ ।
- ➢ नागरिक स्वास्थ्य सुरक्षा योजना तयार गरी विशषेज्ञ चिकित्सक सेवा सहितको स्वास्थ्य शिविर संचालन गरिने छ ।
- ➢ नसर्ने रोगका कारण हुने वढ्दो मृत्युदरलाइ कम गर्न हरेक स्वास्थ्य संस्थामा आधारभूत ल्याव सेवालाइ थप प्रभावित वनाइ नियमित स्वास्थ्य परिक्षणलाइ प्रोत्साहन गरिने छ ।
- ➢ बालबालिकाहरुको नैशर्गिक् अधिकार अन्तर्गत रहेको खोप लाइ पुरा गराइ पुर्ण खोप दिगोपना लाइ निरन्तरता गरिनेछ ।
- ➢ यस गाँउपालिका अन्तर्गत रहेको स्वास्थ्य चौकीको पहुच भन्दा टाढा रहेका बस्तिहरुमा सुरक्षित मातृत्व कार्यक्रमहरुलाइ थप प्रभावकारी बनाउनका लागि गर्भवति भेला तथा सम्मान कार्यक्रम ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम संचालन गरिनेछ ।

- गर्भवती महिलालाइ निशुल्क भिडियो एक्सरे सेवालाइ तदारुकताका साथ लागु गरिने छ ।
- आयुर्वेद सेवालाई घुम्ती शिविर मार्फत गाउँ गाउँमा सेवा विस्तार गरिने छ ।
- स्थानीय जडिबुटिको पहिचान प्रर्वद्धन तथा प्रशोधन गरी आयुर्वेदिक औषधीको सेवालाइ प्रभावकारी प्रयोग गर्न पहल कदमी गरिने छ ।
- परिवार नियोजनका साधनहरुको अभाव नहुने गरि नियमित रुपमा आपुर्ति गर्ने ब्यबस्था गरिनेछ ।
- परिवार नियोजन सेवा बारे वडा स्तरमा कम्तिमा ३ महिनाको एक पटक प्रजनन उमेरका ब्यक्तिहरुको उपस्थितिमा अन्र्तकृया कार्यक्रम संचालन गरिनेछ ।
- लामो समय देखि औषधी सेवन गरिरहेका दिर्घ रोगीहरु को लागि निशुल्क औषधीको व्यवस्था गरिने छ

## खानेपानी तर्फ

**"एक घर एक धारा स्वच्छ खानेपानी मुहान सुन्दर सफा गाउँपालिका हाम्रो पहिचान"**

- स्वच्छ खानेपानी, मुहान देखि मुख सम्म पिउने पानीको वातावरण सृजना गर्नको लागि एक घर एक धारा निर्माण गर्न कार्यलाइ निरन्तरता दिइने छ ।
- सुमुदायलाइ शुद्ध खानेपानी उपलब्ध गराउने उद्धेश्यले गाउँपालिकामा स्थापना गरिएको पानी परिक्षण प्रयोगशालालाइ थप व्यवस्थित गरिने छ ।
- योजनालाइ भरपर्दो र व्यवस्थित सहकारी संस्थामा आबद्ध हुन प्रेरित गर्दै मर्मत संभार कोषलाई सहकारी संस्थामा राख्न सहजिकरण गरिने छ ।
- लामो समय देखि गाउँपालिका क्षेत्रमा भोग्दै आएको स्वच्छ पिउने पानीको समस्यालाइ समाधान गर्न हर सम्भव प्रयास गरिने छ ।
- गाउँपालिकाका सम्पूर्ण वडाहरुमा पूर्ण सरसफाइ अभियान संचालन गरी पूर्ण सरसफाइ टोल घोषणा गरिने छ ।
- विभिन्न गैरसरकारी संघ संस्थाहरु सँग खानेपानी तथा सरसफाइ सम्वन्धी साझेदारी कार्यक्रम संचालन गरिने छ ।

## लैंगिक समानता र सामाजिक समावेसिकरण

- लैगिक हिंसा न्युनिकरणका लागि सचेतना कार्यक्रम संचालन गरी, कानुनी सहायता उपलब्ध गराइने तथा कानुनको प्रभावकारी कार्यान्वियनका लागि आवश्यक सहयोग गरिने छ ।
- लक्षित वर्ग (महिला दलित अपांग जनजाती, वालवालिका जेष्ठनागरिक) कार्यक्रम शसक्तिकरणमा ध्यान दिदै सिपमुलक तालिम कार्यक्रलाइ जोड दिइने छ ।
- घरेलु हिंसा, यौन हिंसा पिडित महिलाहरुलाइ अस्थायी आवास तथा कानुनी सहायता उपलब्ध गराउन आवश्यक वजेट विनयोजन गरिने छ ।
- महिला सक्तिकरण कार्यक्रम अन्तर्गत, आयआर्जन मुलक सीप तथा क्षमता विकास तालिम कार्यक्रम संचालन गरिने छ ।
- ७० वर्ष भन्दा माथिका वृद्धा वृद्धहरुको श्रावण शक्तिको पहिचान गरी संचारको साधन रेडियो उपलब्ध गराइने छ ।
- अपांगहरुले संचालन गर्ने उद्यम व्यवसायमा आवश्यक पर्ने मेसिन औजारमा ८० प्रतिशत अनुदानको व्यवस्था गरिने छ ।
- अहिलेको व्यवस्था ल्याउन विभिन्न समयमा जनयुद्ध जनआन्दोलनमा सहादत प्राप्त गर्नुहुने शहिद परिवारलाई मासिक ३०००। प्रोत्साहन भत्ता दिने र घाइते तथा अपांग व्यक्तिहरुलाई उपचार गर्न आर्थिक सहयोग गरिने छ ।
- गाउँपालिका हुने हरेक किसिमका कार्यक्रमहरुमा समावेशिकरणको नीति अवलम्वन गरिने छ ।

## ३. पूर्वाधार विकास

### सडक तथा पुल

- ✓ ग्रामिण यातायात सेवालाइ प्रभावकारी वनाउन गाउँपालिका केन्द्र सम्म जनतालाइ प्रत्यक्ष सेवा दिन र उत्पादन सँग जोडन यातयात सेवा सुचारु गर्न सवै वडा कार्यालय गाउँपालिका, छिमेकी पालिका जोड्ने मार्गहरुमा वाह्रै महिना सवारी साधन चल्न सक्ने वनाइने छ ।
- ✓ यातायात गुरुयोजना निर्माण गरिने छ ।
- ✓ सडक संजालका माध्यमवाट सम्पूर्ण टोल वस्तीलाइ गाउँपालिका केन्द्र सम्म जोडिने छ ।
- ✓ संचालित सडकहरुमा आवश्यक पुलहरुको निर्माणका लागि संघ र प्रदेशसँग समवन्वय गरिने छ ।
- ✓ दैनिक रुपमा सवारी साधन चल्ने सडकहरुमा सडक मजदुरको व्यवस्था गरिने छ ।
- ✓ झोलुङ्गे पुल आवश्यकताको आधारमा सम्भाव्यता अध्ययन गरी निर्माण कार्यको लागि पहल गरिने छ ।
- ✓ भाडेवजार देखि गाउँपालिका हुदै जयपृथ्वीनगर सम्म सडक , ब्याँसी विसौना हुदै वाइसधारा सडक गाउँपालिका देखि थलारा सम्मको सडक कालोपत्रे गर्न प्रदेश र संघमा विशेष पहल गरिने छ ।
- ✓ संघीय सरकार र प्रदेश सरकारवाट गाउँपालिका भित्र निर्माण हुने सडक आयोजनाहरुको अनुगमन र निर्माण कार्यलाइ सहजिकरणको लागि समन्वय गरिने छ ।
- ✓ गाउँपालिका भित्रका DPR नभएका सडकहरुको DPR कार्य गरिने छ ।

**सिंचाइ**

- ✓ कृषि योग्य भुमीमा सिंचाइ, कुलो निर्माण तथा मर्मत संभार गरी कृषिको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न जोड दिइने छ ।
- ✓ कृषि, सिंचाइ, गरिवी निवारण तथा पर्यटन प्रवर्द्धन सम्वन्धी पूर्वाधारको विकासमा साझेदारी कार्यक्रम संचालन गरिने छ ।
- ✓ सिंचाइ व्यवस्थापन भएका खेतियोग्य जमिहरुको वर्गिकरण गरी आवश्यक ठूला साना सिंचाइ कार्यक्रम संचालन गरिनेछ ।
- ✓ सिचाइ कुलो, लिफ्ट सिंचाइ आयोजना, थोपा सिंचाइ र प्लाष्टिक पोखरी निर्माणमार्फत सिंचाइ कार्यलाइ व्यवस्थित गरिने छ ।

**भवन तथा सहरी विकास**

- ✓ गाउँपालिको मापडण्ड अनुसारको सुविधा सम्पन्न पालिका र वडा कार्यालय भवनहरु निर्माणका लागि संघीय सरकारसँग साझेदारिमा निर्माण कार्यलाइ अगाडि वढाउनको लागि प्रक्रिया अगाडि वढाइने छ ।
- ✓ सुरक्षित आवासको लागि नीजि तथा सार्वनजनिक भवन निर्माणको लागि भवन आचार संहिता लागु गरिनेछ ।
- ✓ सुरक्षित आवास कार्यक्रम अन्तर्गत खरको छाना जस्तापाता लगाउने कार्यक्रमलाइ सम्पन्न गर्न थप वजेटको लागि पहल गरिने छ ।
- ✓ जनता आवास अन्तर्गत प्रदेश सरकारको सहयोगमा घरवार विहिनलाई घर वनाउने कार्यक्रमलाइ आवश्यक समन्वय सहजिकरण गरने छ ।

**उर्जा**

- ✓ विधुत र वैकल्पिक उर्जा नपुगको घरपरिवारको तथ्यांक संकलन गरिने छ ।
- ✓ विधुत नपुगेको वस्ती र घरहरुमा विधुतिकरणको लागि नेपाल विधुत प्राधिकरण सँग समवन्य गरी निर्माण कार्यलाई छिटो र छरितो वनाउनको लागि पहल गरिने छ ।
- ✓ वैकल्पिक उर्जा सम्वन्धी काम गर्ने गैरसरकारी संस्थाको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।
- ✓ ५ वर्ष भित्र सवै वडाहरुको वस्तीमा राष्ट्रिय प्रसारण लाइनको विस्तार गरी उज्यालो गाउँपालिका घोषणा गरिने छ ।

**संचार**

- ✓ गुणस्तरीय इन्टरनेट र टेलिफोन सेवालाइ आम नागरिकको पहुँचमा पुर्याउनको लागि आवश्यक पहल गरिने छ ।

- ✓ पत्रकारिता पेशामा आवद्ध पत्रकारहरुको क्षमता वृद्धिका लागि विभिन्न तालिमहरु संचालन गरिने छ ।
- ✓ जिल्ला भित्र संचालित सामुदायिक रेडियोको स्तर वृद्धिका लागि आवश्यक सहयोग गरिने छ ।
- ✓ सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षणलाई संचार कर्मी र पत्रकार महासंघसँगको साझेदारीमा विभिन्न कार्यक्रम संचालन गरिने छ ।

## ४. वन वातावरण तथा विपद व्यवस्थापन

- ✓ सामुदायिक वनहरुको संजाल वनाइ सामुदायिक वनवाट हुने आम्दानीलाइ आय आर्जन तथा गरिवीनिवारणको क्षेत्रमा लगानी गर्न प्रेरित गरिने छ ।
- ✓ हरियाली प्रवर्द्धन गर्ने तथा प्राकृतिक सुन्दरता कायम गर्ने कार्यलाइ प्राथमिकता दिइने छ ।
- ✓ वृक्षारोपण, तट्बन्धन, नदी नियन्त्रण तथा जलवायु अनुकुलनका कार्यक्रमहरु संचालन गरिने छ ।
- ✓ वाढीपहिरो भु-क्षय तथा महत्वपूर्ण जडीवुटीको संरक्षण गर्न छाडा चरन, जथाभावी फडानी, वन अतिक्रमण जस्ता क्रियाकलापहरु रोकी वनजंगल संरक्षण र सम्वर्द्धन गर्न वनजंगलको घेरवार तथा संरक्षण गर्दै लगिने छ ।
- ✓ विपद जोखिम क्षेत्र र वस्तीहरुको संकटासन्नताको पहिचान र नंक्सांकन गरिने छ ।
- ✓ असुरक्षित र अव्यवस्थित वस्तीहरुको पहिचान गरी सुरक्षित स्थानमा स्तानान्तरण र व्यवस्थापन गर्न पहल गरिनेछ ।
- ✓ यस गाउँपालिका क्षेत्र भित्र वासोवास गर्ने भुमिहिन सुकुमवासीहरु तथा हलिया खलियाहरुको लगत तयार गरी तिनीहरुको उचित व्यवस्थापन गर्ने तर्फ पहल गरिने छ ।
- ✓ हरेक वस्तीमा फोहरमैलाको उचित व्यवस्थापन गरिने छ ।
- ✓ पानीका मुहानहरुको अभिलेख राखि सो स्रोतको दिगो संरक्षण गरिने छ ।
- ✓ वातावरण तथा सरसफाइ कार्यक्रम संचालन गरी वातावरण तथा जलवायु परिवर्तन वारे जनचेतना अभिवृद्धि गराइने छ ।
- ✓ भु-क्षय भएका स्थानहरुमा स्थानीय जनताको सहकार्यमा वृक्षारोपण गर्ने र सो को संरक्षण गरिने छ ।
- ✓ सडक तथा अन्य पूर्वाधार निर्माण गर्दा विपद जोखिम न्युनिकरणका उपायहरु अवलम्वन गरी विकास र विपद व्यवस्थापनलाई एकिकृत ढंगले अगाडि वढाइने छ ।
- ✓ सामुदायिक वन पैदावरको उत्पादन, उपभोग, प्रशोधन विषयमा अध्ययन गरी वन स्रोतमा आधारित व्यवसाय मुलक र उद्यम मुलक वन वनाउन प्रोत्साहन गरिने छ ।
- ✓ विपद व्यवस्थापनको लागि आवश्यक खाद्यान्न, लत्ता कपडा, अन्य आवश्यक सामाग्रीहरुको भण्डारण गर्ने कार्यलाई प्राथमिकता दिइ कार्यान्वयन गरिने छ ।
- ✓ प्रत्येक वडामा विपद पूर्व, विपद कालिन र विपद पछिका कार्य व्यवस्थापन गर्न विपद व्यवस्थापन कोषलाइ निरन्तरता दिइने छ र यस क्षेत्र भित्रका नागरिकहरुलाई रोगको महामारीवाट वचाउन तथा रोगको रोगथाम गर्ने कार्यको लागि स्थापना भएको विपद व्यवस्थापन कोषमा वजेट विनियोजन गरिने कार्यलाइ निरन्तरता दिईएको छ ।
- ✓ वन तथा वातावरण संरक्षणको लागि राष्ट्रिय प्रसारणलाइन पुगेको ठाउँमा विधुतिय चुलो जडान कार्यलाइ निरन्तरता दिइने छ ।
- ✓ सामुदायिक तथा कवुलियति वनलाइ संरक्षण गरी दिगो आयआर्जन सँग जोड्दै नीजि सार्वजनिक तथा वाझो जंगलमा वृक्षारोपण गरिने छ ।

## ५. सुशासन तथा संस्थागत विकास

- ✓ मध्यकालिन खर्च संरचना निर्माण गरी कार्यान्वयन गरिने छ ।
- ✓ सार्वजनिक सेवा प्रभाहमा विधुतिय प्रविधिको अवलम्वन गरी द्रुत सेवा र प्रभावकारी व्यवस्थापन माध्याम दिइनेछ ।
- ✓ सेवामैत्री संरचना तथा सेवाग्राहीमैत्री व्यवहारमार्फत गुणस्तरीय सेवा प्रवाहलाइ मुल मन्त्रका रुपमा अवलम्वन गरिनेछ ।
- ✓ कर्मचारी तथा जनप्रतिनीधिहरुको क्षमता विकासका लागि विभिन्न किसिमका क्षमता विकास तालिम संचालन गरिने छ ।

- ✓ सवै वडा कार्यालय तथा विषयगत शाखा कार्यालयवाट सम्पादन हुने कामहरु एकिकृत रुपमा गाउँपालिकावाटै एउटै सर्भरवाट नियन्त्रण र अनुगमन हुने व्यवस्था गरिनेछ ।
- ✓ सामाजिम परिक्षण र अनुगमन कार्यलाइ प्रभावकारी वनाइने छ ।
- ✓ जन गुनासो सुझाव तथा प्रतिक्रिया सिघ्र सुनुवाइ गर्ने सम्यन्त्रको विकास गरी जनउत्तरदायी सरकार संचालनको प्रत्यायुभुति गरिने छ ।
- ✓ गणतन्त्र दिवसको अवसरमा उत्कृष्ठ कार्य सम्पादन गर्ने राष्ट्रसेवक कर्मचारी शिक्षक खेलाडी कृषक उद्यमी सुरक्षाकर्मी, महिला स्वास्थ्य स्वयंसेविका , स्वास्थ्यकर्मी, संचारकर्मी, समाजसेवीलाइ सम्मान गरिने छ ।
- ✓ चालु खर्च कटौती र मित वययीतालाइ ध्यामा दिइने छ ।
- ✓ आगामी आर्थिक वर्षवाट कार्यालयवाट भुक्तानी हुने सम्पूर्ण कार्यलाइ इपेमेन्टवाट गरिने छ ।
- ✓ आम्दानी र खर्चको अभिलेखिकरणलाइ व्यवस्थित गर्न आन्तरिक लेखा परिक्षणलाइ प्रभावकारी गरिने छ ।
- ✓ खरिद योजना निर्माण गरी साथै खरिद दाखिलालाइ सफ्ट्वयर मार्फत व्यवस्थित गरिने छ ।
- ✓ वेरुजु कम गर्नका लागि विधि प्रकृया र गुणस्तरीयतामा विशेष जोड दिइने छ । र वेरुजु फर्छौटका लागि लेखा समिति मार्फत अध्ययन गरी वेरुजु अध्यावधिक विवरणलाइ गाउँसभामा प्रस्तुत गरिने र फछ्यौटका लागि ताकेता गरिने छ ।
- ✓ आयोजना सम्वन्धी वार्षिक गुरुयोजना निर्माण गरी समयमा नै आयोजनाको कार्यान्वयन अगाडी वढाइने छ ।
- ✓ गाउँपालिकाको पञ्चवर्षिय आवधिक योजना निर्माण, योजना वैकं निर्माण र गाउँपालिका प्रोफाइल निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।
- ✓ गाउँपालिकाले गरेका विकास निर्माण तथा सेवा प्रभाह सम्वन्धी कामको मुल्यांकनका लागि स्वमुल्यांकन तथा तेस्रो पक्षवाट मुल्यांकन गरी विकास र सेवा प्रभाहलाइ प्रभावकारी वनाइने छ, साथै जनतासँग स्थानीय सरकार कार्क्रमहरु संचालन गरिने छ ।
- ✓ गाउँपालिका भित्र रहेका सम्पूर्ण सरकारी कार्यालयहरुमा संचार, इन्टरनेट सुविधा, टावर र सर्वर जस्ता उपकरण जडान कार्यको लागि निरन्तरता दिइने छ ।
- ✓ प्रत्येक आयोजना संचालन गर्दा उपभोक्ता समिति र सरोकारवालहरुलाइ योजनाको सुरुमा अभिमुखिकरण र योजनाको अन्तमा अनिवार्य खर्च सार्वजनिक गर्ने व्यवस्था लागु गरिने छ ।
- ✓ आयोजना संचालन गर्नु पूर्व, संचालन भइरहेको अवस्थामा र सम्पन्न पश्चात गाउँपालिका र वडा स्तरमा अनुगमन गरिने छ ।
- ✓ दोस्रो चौमासिक सम्ममा ७० प्रतिशत सम्म आयोजना निर्माण कार्य सम्पन्न गरी भुक्तानी भएका वडा मध्येवाट उत्कृष्ठ वडालाइ प्रोत्साहन स्वरुप यसै वर्ष सम्म सम्पन्न हुने गरी रु ५ लाखको वजेटको व्यवस्था गरिएको छ ।
- ✓ ठेक्का पट्टाको कार्यलाइ प्रतिस्प्रधी वनाउन इ-विडिङको प्रयोगलाई निरन्तरता दिइनेछ ।
- ✓ गाउँपालिकामा लागु भएका सम्पुर्ण गैरसरकारी संघ-संस्थाहरुसँग विकासका लागि आवश्यक समन्वय र सहकार्य गर्ने नीति लिइएको छ ।
- ✓ रु ३ लाख भन्दा वढीका आयोजना , कार्यक्रम कार्यान्वयन गर्दा स्पस्ट रुपमा देखिने गरि सूचना पाटी राख्ने व्यवस्थालाइ कडाइका साथ लागु गरिने छ ।
- ✓ स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रस्टाचार मुक्त जनउत्तरदायी र सहभागिता मुलक वनाइदै स्थानीय तहवाट प्रदान गरिने सेवा सुविधामा जनताको समान, सरल र सहज पहुँच सुनिश्चित हुने गरी सुशासनको प्रत्याभुति गराइने छ ।
- ✓ छविसपाथिभेरा गाउँपालिका भित्र संचालन भएका र हुने होटेल, रेष्टुरेन्ट लगायतका सवैप्रकारका खुद्रा पसले हरुले अनिवार्य रुपमा आफ्नो व्यापार व्यवसाय गाउँपालिकामा दर्ता गरी उपभोक्ता मुल्य सूची अनिवार्य रुपमा राख्न लगाइ उपभोक्ताहरुको हित संरक्षण गर्ने नीति लिइएको छ ।
- ✓ उपभोक्ता मुल्य सूची नराखि विक्रि वितरण गर्ने कार्यलाइ निरुतसाहित गर्दै लगिने छ र वजार अनुगमनको कार्यलाइ कडाइका साथ लागु गरिने छ ।
- ✓ गाउँपालिका पदाधिकारी तथा कर्मचारीहरुलाई अध्ययन, अवलोकन भ्रमणको लागि वजेटको व्यवस्था गरिएको छ ।

- ✓ न्यायिक समितिलाई सक्षम र सवल वनाउन क्षमता विकास मुलक कार्यक्रम संचालन गरिने छ र न्यायिक समितिलाई स्रोत साधन सम्पन्न वनाइने छ ।
- ✓ यस गाउँपालिकाको कार्यालयमा दरवन्दी अनुसार सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्य दक्षता लगनशिलता, क्रियाशिलताको आधारमा करार कर्मचारी कार्यसम्पादन मुल्यांकन फारम भरी प्राप्त अंकका आधारमा पूनरावलोकन गरी उपलब्ध स्रोत साधन, औचित्य र आवश्यकताको आधारमा करार सम्झौता नविवरकण गरिने छ ।
- ✓ गाउँपालिका भित्र स्रोतको पहिचान गरी गाउँपालिकावाट लिइने कर, राजस्व, शुल्क आदिलाई व्यवस्थित र नियमन गरिने छ ।
- ✓ आ.व. ०७९/०८० को प्रारम्भ देखिनै सवै कर्मचारीहरुको कार्य सम्पादन सम्झौता तयार गरी लागु गरिनेछ ।

**अध्यक्ष महोदय,**

अव म यस गाउंपालिकाको आगामी आर्थिक वर्ष ०७९।८० को प्राप्त वजेट सिलिङ तथा गाउँपालिकाको अनुमानित आन्तरिक आम्दानीको आधारमा वार्षिक वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**यस गाउंपालिकाले आर्थिक वर्ष ०७९।०८० को नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्नको लागि रु ४५ करोड ११ लाख ८३ हजारको वजेट प्रस्तावित गरिएको छ ।**

- ➢ **जस अन्तर्गत राजश्व तर्फ : केन्द्र सरकारवाट रु ७ करोड ९५ लाख,८८ हाजार , प्रदेश सरकार वाट ११ लाख ९१ हजार र आन्तरिक आम्दानी तर्फ रु १५ लाख गरी जम्मा ८ करोड २२ लाख ७९ हजार रकम प्रस्तावित गरिएका छ ।**
- ➢ **नेपाल सरकार अनुदान तर्फ : वित्तिय समानिकरण अनुदान अन्तर्गत नेपाल सरकारवाट प्राप्त अनुदान रु ११ करोड ४७ लाख, प्रदेश सरकारवाट ८० लाख ८१ हजार गरी जम्मा १२ करोड २७ लाख ८१ हजार प्रस्तावित गरिएको छ ।**
- ➢ **सर्शत अनुदान तर्फः नेपाल सरकारवाट प्राप्त रु २२ करोड ८७ लाख, विशेष अनुदान केन्द्रवाट १ करोड ३० लाख, प्रदेशवाट विशेष अनुदान रु २५ लाख, सम्पुरक अनुदान प्रदेशवाट रु १९ लाख २२ हजार प्रस्तावित गरिएको छ ।**

समानिकरण तर्फको वजेट मध्ये आर्थिक विकास मा २२ प्रतिशत, सामाजिक विकासमा ३५ प्रतिशत, पूर्वाधार विकासमा २८ प्रतिशत, वातावरण तथा विपद व्यवस्थापनमा ८ प्रतिशत र सुसान तथा संस्थागत विकासमा ७ प्रतिशत क्षेत्रगत वजेट सिमा निर्धारण गरिएको छ ।

अन्तमा यस १० औं गाउँसभामा आफ्नो उल्लेख्य सहभागिता जनाउनु भएका प्रमुख अतिथि, विशिष्ट अतिथि, गाउँसभा सदस्य, पत्रकार मित्र, मेरा सहयोगी हातहरु, कर्मचारी लगायत सम्पूर्ण उपस्थित महानुभावहरुलाई धन्यवाद प्रकट गर्न चाहन्छु । साथै यो नीति तथा कार्यक्रम कार्यान्वयमा सहयोग र समन्वयको अपेक्षा गर्दै हाम्रो छविसपाथिभेरा गाउँपालिकामा आर्थिक समृद्धि हासिल गरी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तनको अपेक्षा समेत गर्न चाहन्छु ।

**धन्यवाद नमस्कार।**

**लछिमन वोहरा**

**उपाध्यक्ष**

**छविसपाथिभेरा गाउँपालिका वझाङ्ग**